CC-0. Digitized by eGangotri and MIDF- Delhi

618231

ब्रह्मलीन बाबा श्रीश्यामचैतन्य पुरी महाराज

618231

विदुर विक्रम सिं अधिकारी
एम. ए., वि.एल, डि.डि.ए (इङ्गल्याण्ड)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्त्वं कोऽहं कुत आयातः कामे जननी कोमेतातः ।
इतिपरिभावय सर्वमसारं विश्वं त्यक्वा स्वप्न विचारम ॥
भज गोविन्दम् भज गोविन्दम् गोविन्दम् भज मूढमते ।

-भगवान् श्रीशंकराचार्य

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् ।
(आफूलाई मन नपर्ने व्यवहार अरूसँग पनि नगरोस्)

-महाभारत

प्राप्त स्थानः

१. **प्रकाशिका**: नीलामैत्रा अधिकारी
कालोपुल, सिफल हाइट
फोन: ४७०१८६

२. "श्रीपशुपतिनाथ शरण" सहकारी संस्था लि.
आध्यात्मिक किताव पसल पशुपति ।
(पशुपति भक्तहरूद्वारा सञ्चालित आध्यात्मिक संस्था)

सं. २०४७, श्रावण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तजनहरूमा एक जानकारी

पशुपति आउने भक्तहरू मिलि एक आध्यात्मिक संस्था पुशपतिनाथ शरण शहकारी संस्था लि. आजभन्दा ६बर्ष अगाडि गठनगरी सूचारु रूपले सञ्चालन भइरहेको छ।

पशुपतिको मूलद्वारको बायाँतर्फ स्थित संस्थाको आध्यात्मिक किताव पसलबाट धार्मिक पुस्तकहरू सुलभ, सुपथ मूल्यमा प्राप्तगरि भक्तजनहरूले लाभ उठाइरहको छन् । त्यस्तै गीता प्रेस गोरखपुरबाट प्रकाशित "कल्याण" पत्रिका धमाधम वितरण भइरहेछ । सदस्यता प्राप्तगरी कल्याण्कारी लाभ उठाउन विनम्र अनुरोध छ। साथै भक्त विद्वान् लेखकले आफ्नो आध्यात्मिक कृति, पुस्तकहरू विक्री गर्न चाहेमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

अध्यक्ष
विदुर विक्रम सिं अधिकारी
फोन:-४७०१८६
श्रीपशुपतिनाथ शरण सहकारी संस्था लि.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगणेशाय नमः

ॐ नमःशिवाय

गजाननंभूतगणाधिसेवितम्
कपित्थजंवूफलचारूभक्षणम् ।
उमासुतं शोक विनाश कारकम्
नमामि विघ्नेश्वरपादपंकजम् ॥

हरि ॐ नमोऽस्त्वनन्ताय सहस्रमूर्तये
सहस्रपादाक्षिशिरोरुवाहवे ।
सहस्र नाम्ने पुरुषाय शाश्वते
सहस्रकोटियुग धारिणे नमः

नम कमलनाभाय नमस्ते जलशायिने ।
नमस्ते केशवानन्त वासुदेव नमोस्तुते ॥
वासनाद वासुदेवस्य वासितं भुवन त्रयम् ।
सर्वभूत निवासोऽसि वासुदेव नमोस्तुते ॥

शङ्करं शङ्कराचार्यं केशवं वादरायणम् ।
सूत्रभाष्य कृतौबन्दे भगवन्तौ पुनःपुनः ॥
इस्वरौ गुरुरात्मेति मूर्तिभेद विभागिने ।
व्योमवद् ब्याप्तदेहाय दक्षिणामुर्तये नमः ॥

ॐ पूर्णमद पूर्णमिदं पूर्णात्पूर्ण मुदच्यते, पूर्णस्य पूणमादाय पूर्णमेवावसिस्यते ।

ॐ शान्तिः शान्तिःशान्तिः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मलीन बाबा श्रीश्यामचैतन्य पुरीमहाराज

परम् तपस्वी बाबा श्यामचैतन्य पुरी महाराज काशी दक्षिणामूर्ति मठमा पूर्व जानकारी सहित पूर्ण यौगिक अवस्थामा ब्रह्मलीन हुनु भएको अब एक वर्ष पनि पुग्दैछ ।

पहिले-पहिले पनि बाबा बराबर काशी जाने चर्चा त गर्नुहुन्थ्यो पछि त **"अब हमारा समय आगया है"** भनि २०५६ आषाढ २६ गते देह त्याग गर्न भनि काशितर्फ प्रस्थान गर्नु भयो । त्यस दिन पशुपतिनाथ प्राङ्गणभरी बाबाको अन्तिम दर्शन गर्न भनि आएका बाबासँग विछोड हुनुपर्दा भाव विह्वल भएका भक्तहरूको खचाखच भिड थियो ।

बाबाको साथमै रहनुभएका स्वामी गौरव पुरीका अनुसार काशीमा दक्षिणामूर्ति मठमा ठीक ४५ दिन व्यतित गरेपछि २०५६ भाद्र ९ गते बुधबार चतुर्दशीका दिन बिहान ९ बजेतिर अकस्मात बाबाले आज म केहि खान्न भोजन नबनाउनु मलाई खाटबाट तल लगि कुशको आसनमा राख्नु विश्वनाथमा, पशुपतिनाथमा (काशीको पशुपति) ११ ब्राह्मणहरूद्वारा रुद्री लगाउनु भन्नुभए अनुसार सोहि बमोजिम सबै गरियो । तत्पश्चात् बाबाको समाधि लाग्न थाल्यो ४ बजेतिर छातिको बीच भाग फिर-फिर चलेको देखिन थाल्यो । त्यसपछि घाँटीमा चल्न थाल्यो, अनि पछि कानको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागतिर चलेको देखियो पछि शीरको बीचभागका रौंहरू फिर-फिर चलेको देखियो त्यस्को केहिवेरपछि शंका लागि हेर्दा बाबाको नाडी, स्वास बन्द भैसकेको रहेछ भनी स्वामी गौरवपुरी भन्नुहुन्थ्यो । यसरी बाबाको योग बलद्वारा प्राणले उर्ध्वगतिमा शरीर छोडी ब्रह्मलीन भएको प्रत्यक्ष अति दुर्लभ दृश्य दर्शन पाउनेहरूमा बाबाको सेवामा रहेका स्वामी गौरव पुरी, डा. वेद प्रकाश उप्रेती, प्रमोद पोखरेल, शरद पौडेल, (वासुकिका विद्यार्थी एम.कम. गरेका, बैंकमा नियुक्ति पाएका, सारै सज्जन इमान्दार बाबाको सेवामा रहँदा रहँदै बाबाको समाधिपछि विरक्त भइ नोकरी छोडी ब्रह्मचारी भइ हाल शंकराचार्य मठमा डा. स्वामी रामानन्दसँग हुनुहुन्छ) तुलसी पौडेल, हरि बोगटी अनि अन्य आश्रम बासीहरू सारै भाग्यमानी रहेछन् । (निमुनियाँको कारणले दुर्भाग्यवस आफु जान नपाउँदा ज्यादै खिन्न लाग्यो) बाबाको इच्छा बमोजिम शरीरलाई गर्ह्नैं ढुङ्गाहरूमा बाँधी गङ्गामा सेलाउनु पर्ने हुँदा सो बमोजिम गर्न लैजादा बाटामा **"यह किसका शालिक है ?"** भनी सोध्ने गर्दथे । बाबाको शरीर चम्किलो सिङ्गमरमरको शालिक नै जस्तो देखिन्थ्यो र यति गर्ह्नैं भयो कि डुबाउनलाई ढुङ्गाको आवश्यकता नै थिएन जस्तो भयो भनी स्वामी गौरव पुरी भन्नुहुन्थ्यो ।

बाबाले काशीमा गइ समाधी लिनुभएको बारे चर्चा गर्दा त्यत्रो ठूलो थिति लागिसकेको महात्मालाई काशी नै किन जानु पऱ्यो ? जाहाँ समाधि लिए पनि केहि फरक पर्ने थिएन होला ? भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्न गरेको सुनियो । यस सम्बन्धमा शास्त्रले बताएको काशीको महत्व त छँदैछ । त्यसमाथि बाबाले शुरूमै काशीमा नै देह त्याग गर्ने संकल्प गर्नु भएको रहेछ र आफ्नो संकल्प पूरा गर्न जानुभयो भन्ने कुरा नै मुख्य रूपमा आउँछ ।

बाबालाई स्मरण गर्दा, म ७ वर्षको हुँला, ४९ वर्ष अघि मेरो हजुरबुबा बोध विक्रम अधिकारीको साथमा बाबाको पहिलो दर्शन पाएको बखतदेखिको याद आउँछ । त्यो असंग मूर्ति अनि शान्त असंग स्वभाव । भारतको हिमाञ्चल प्रदेशमा शुद्ध ब्राह्मण कुलमा जन्मेर बालक कालदेखि नै वैरागिएर घर छोडी परमात्मा साधनामा लाग्नु भएको बालब्रह्मचारी बाबा श्यामचैतन्य महाराज परम् श्रद्धेय खप्तड बाबा सहित अन्य ४ जवान साधु महात्माहरू सहित जम्मा ६ जना महात्मा १९८६ सालतिर एकैसाथ नेपाल पस्नु भएको कुरा बताइछ । बाबा पहिले आएर पकनाजोल म्हेपी वनमा बस्नु भयो । त्यही बस्दा हाम्रो पकनाजोल काल्धारा घर नजीक पर्ने भएकोले होला शायद मेरो हजुरबुबा बोध विक्रम अधिकारी परिवार सहितभइ सेवा गर्दै आउनु भएको थियो । बाबा भन्ने गर्नुहुन्थ्यो- **"भारी विद्वान् थे बोध विक्रम, अंग्रेजी विषय मे एम.ए. मे अंग्रेजोसे भि अब्बल निकले और नेपालमें सब से पहला एम.ए. करनेवाला बनगए । संस्कृत में भि एम.ए. किए । राणाओं ने खुब सम्मान किया । चन्द्र शम्सेर ने थानकोट से सिंदुरे जात्रा करके टुँडिखेल खरिके बोटमें भव्य समारोह करके उनका स्वागत और सम्मान**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किया। बडा भारि तक्मा प्रदान कियाथा। सवारीके लिए बग्गी दियाथा। वह बहुत सज्जन विनम्र सत्संगी थे और महात्माओंका खुब सेवा करते थे"

बाबा त्यसपछि कालमोचन घाट अनि थापाथली मठमा त्यसपछि पशुपति बासुकिमा सिद्ध बासुकि बाबाको साथ बस्नु भयो र वहाँ बासुकि बाबाको ईच्छा बमोजिम वहाँको समाधिपछि पनि अन्त्य अवस्थासम्म त्यही बासुकि आश्रममा नै बस्नुभयो। वहाँलाई आफ्नो शरीरको अन्तिम अवस्थाको पूर्ण जानकारी भए अनुसार धेरै अघिदेखिको संकल्प बमोजिम काँशीमा समाधि लिनको लागि भनि स्वेच्छाले ठीक ४५ दिन अगाडि काशी प्रस्थान गर्नु भएको थियो।

शुद्ध सनातनी अनि संसर्ग पटक्कै मन नपराउने एकान्तवासी बाबाले मलाई उपदेश दिँदा बरम्बार भन्ने गर्नुहुन्थ्यो- "**अनावश्यक ज्यादा संसर्ग मत करना, ज्यादा संसर्ग प्रपञ्च बढाता है, प्रपञ्च बढ्ने से अशान्ति होता है, अशान्त मनसे परमात्माका ध्यान, जप, साधना नहि होता है। जितना हो सके संसर्ग घटाना पर बढाना मत**"। कहिले हिन्दी कहिले नेपाली बोल्नुहुन्थ्यो। "**गृहस्थिले नगरी नहुने शुद्ध व्यबहारको लागि काम चलाउन अति आवश्यक संसर्ग मात्र गर्नु**" भन्नुहुन्थ्यो।

संसर्गबारे कुरा गर्दा एकजना त्यागी महात्माको उदाहरण संझना आउँछ। महात्मा यात्रा गरी रहनु भएको रहेछ, एउटा कुकुर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि साथै हिँडिरहेको रहेछ। निकैबेरदेखि पानी नपाउँदा प्यास लागि रहेको अवस्थामा वल्ल एउटा खोला भेटिएछ। कुकुरले ल्याप ल्याप पारी पानी पिएर हिँडिहालेछ। महात्मा आफ्नो कमण्डलु सफा गरिवरी पानी उघाइ पिउनु पर्दा समय लाग्न गई यसो हेर्दा त कुकुर खोला तरेर अगाडि गईसकेको देख्नु भएछ। आफुसँग भएको सिर्फ त्यही एउटा कमण्डलुले गर्दा आफु कुकुर भन्दा पनि पछि परेको महशुश गरी अनि त्यो कमण्डलु त्यही फाली अगाडि बढ्नु भएछ भने देखे जाने जती सबै चाहिने सांसारिक पदार्थहरू विलासिताका चिजबिज वस्तुहरू त्यो पनि २/४ महिनामा नै बदलिईरहने नयाँ नयाँ फेसनका पदार्थहरू अनि अनगिन्ति प्रपञ्च बोकेका अनगिन्ति सांसारिक मानिसहरूको संसर्ग एवं संग्रहले कति विचलित पारि अनि कति अधोगति तिर लैजाला ?

सांसारिक प्रपञ्चको व्यवहार गर्दाको अवस्थाको त कुरै छाडौँ यज्ञ गर्दा, शुभकर्म गर्दा, तिर्थ, व्रत, दान, धर्म, सत्सङ्ग गर्दा समेत अधिकांशमा सामान्यतया प्रष्ट नै देखिने "लोकैषणा"को भूमिका ज्यादै शक्तिशालि रहेको देखिन्छ जस्ले गर्दा साधकको ध्यान परम लक्षमा भन्दा लोकपट्टी ज्यादा खिचिने गरेको देखिन्छ। यो पनि परमात्माको शक्तिशाली मायाको खेल नै त होला ? १५/२० वर्ष अघिको कुरा हो, मसँगै पशुपति जाने भनेर एकजना दरबारी ठाँटबाँटका सज्जन बिहान सबेरै म कहाँ आईपुग्नु हुन्थ्यो। अनि सँगै जान्थ्यौँ। बाबासँग मैले परिचित गराई दिएको थिएँ। म अलिबेर बस्नेहुँदा वहाँ केहीवेर बसी मभन्दा अगाडि नै फर्कनु हुन्थ्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिका माग्नेहरूलाई पैसा बाँड्नुहुन्थ्यो । अलि ठाँटबाँट देखाई अलि बढीबढी पैसा बाँड्ने हुँदा माग्नेहरू पनि झुम्मिन थाले । कुनै कुनैले आफ्नो विशेष दुःख कष्ट देखाई अँफैं बढीबढी पैसा मागेर लिएछन् । यो कुरा सनसनी फैलिएर माग्नेहरूले पशुपतिमा वहाँलाई देख्नै नहुने भयो । लखेट्न थाले । हुँदा हुँदा पशुपति जानै बन्द गर्नुभयो । **"नित्य पशुपति दर्शन गर्दा मोक्ष हुन्छ"** भनि शास्त्रमा लेखिएको, मनुष्य जीवन सार्थक हुने त्यत्रो ठूलो महत्वपूर्ण कुरा भगवान् पशुपतिनाथको दर्शनबाट समेत बञ्चित हुनुपऱ्यो ।

एकजना असहाय लङ्गडा बुढाले भन्थे उनी पहिला सर्कसमा काम गर्थे । अग्लो अग्लो ठाउँबाट हामफाल्ने सो देखाउँथे । दर्शकहरूले तांली पिट्थे । त्यो देख्दा उनलाई आनन्द आउँथ्यो र कसरी बढी, अझबढी ताली पिटेको देख्नलाई नै सधैं प्रयत्नरत हुन्थे भने दर्शकहरू पनि बढी उचाई, अझबढी उचाईबाट हामफालेको हेर्न चाहन्थे सधैं यस्तै क्रम चलिरहन्थ्यो । उनिमा पनि दर्शकहरूको माग बमोजिम उत्साहित भइ म यति उचाईबाट पनि हाम फाल्न सक्छु भन्ने घमण्ड बढ्दै गयो । अनि आज झन बढी भोलि झन बढी उचाईबाट हाम फाल्ने र दर्शकहरूबाट बढी ताली पिटेको देख्न सुन्न लालायित हुने नशामा उनी डुबे । आखिर एक दिन बढी उचाईबाट हामफल्दा खुट्टो भाँच्चियो । अनि उनी त्यो काम गर्ने नसक्ने भइ अपाङ्ग भए, सर्कसवालाले निकालिदियो । उनी बेकम्मा, बेरोजगारी भए । हजारौं दर्शकहरूले त्यस्तो मन पराईने, त्यत्रो ताली बजाई बजाई स्वागत गरिने व्यक्ति अब एक्लो पर्नगए । असहाय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बने । **"यो प्रचलित हुने, प्रचारित हुने अनि आफ्नो प्रशंशा सुन्ने नशामा परेर वास्तविकताबाट आकाशिएँ अनि मेरो यो गति भयो"** उनी भन्थे ।

बाबा भन्नुहुन्थ्यो **"अपना प्रशंशा मत सुन्ना । इससे तुम्हारा अहंकार बढादेता है और पतनकी ओर लेजाता है ।"** भनाइ पनि छ कसैलाई गिराउनु पऱ्यो भने ज्यादा प्रशंशा गरिदिनु ।

त्यस्तै जे गर्दा पनि अरूलाई "देखाउने" प्रवृत्ति तीर्थ, व्रत, दान, धर्ममा मात्र नभई आत्मचिन्तन गर्ने अनि भगवद्चिन्तन गर्ने सत्सङ्गमा बस्दा समेत झल्कने गर्दछ । वित्तैषणा, पुत्रैषणा, लोकैषणा सबै बोकेका हमीजस्ता सांसारिकहरूको त कुरै छाडौँ, सम्पूर्ण "एषणा" त्यागी मिथ्या संसारदेखि विरक्त भइ हिंडेका कतिपयहरू समेत पछि घुमिफिरी फेरि "लोकैषणा"को नसाको फन्दामा परी अनि प्रपञ्चले ग्रसित हुने गरेको आजको युगको समाजमा पनि बाबा श्यामचैतन्य महाराज प्रचलित हुन प्रचारित हुन अनि प्रशंशित बन्न पटक्कै मन पराउनु हुँदैनथ्यो । **अनि अरूलाई "देखाउने" ठाँटबाँट गर्ने प्रवृत्ति त वहाँको जन्मजात स्वभाव नै थिएन ।** त्यस्तो कसैमा देख्नु भयो भने पनि **"यह ढाँचा ज्यादा करता है"** भन्नुहुन्थ्यो । कैयौँ पटक पत्रकारहरू आइ अन्तरवार्ता दिन बाबासँग अनुरोध गर्दा मान्नुहुदैनथ्यो । फोटो खिचाउन पनि दिनुहुदैनथ्यो । सभा, समारोह लगायत कसैकोमा पनि जानुहुँदैनथ्यो । गुरु आश्रममा धेरै महात्माहरूको भेलामा कहिलेकाही नगई नहुने जस्तो परी आइ महात्माहरूले ज्यादै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आग्रह गरे जानुहुन्थ्यो तर एकै छिन बसी छिट्टै फर्कनु हुन्थ्यो। अन्तिम पटक त्यो पनि विशेष आग्रहवस निरञ्जनी पीठाधीश महामण्डलेश्वर स्वामी पुण्यानन्द गिरि महाराजको श्रीमद्भागवत्मा वनकाली धर्मशालामा जानुभयो र भागवत श्रवण गरी फर्कनुभयो। **"स्वामी जी बहुत अच्छा कथा करते है"** भन्नुहुन्थ्यो।

बाबाबारे बढी प्रचार गर्ने, बढी संसर्ग बढाउने हालिमुहाली गर्न खोज्ने, चापलुस जस्ता खालका मानिस आए ढोका लगाई दिनुहुन्थ्यो। वहाँ आफ्नो निरन्तर सदासर्वदा एकनासमा रहने, एकरसमा रहने एकान्त स्थितिलाई पटक्कै खलबलिन दिनुहुँदैनथ्यो। कुनै प्रपञ्चले छुन्छ कि ? कुनै विक्षेप आउँछ कि ? भनी हरहमेसा सतर्क भई होशियार भइ बस्ने वहाँको स्वभाव नै बनिसकेको देखिन्थ्यो। अनि जस्तोसुकै बलवान "एषणा"ले पनि वहाँलाई छुन सकेको देखिएन। **सम्पूर्ण इच्छा आकांक्षालाई जितेर मन सहित दशै इन्द्रियहरूलाई संयमित पारी आफ्नो पूर्ण नियन्त्रणमा राख्न सक्ने अनि सम्पूर्ण छिद्रहरू बन्द गरेर बस्न सक्ने ठूलो शक्तिशाली बाबा** हुनुहुन्थ्यो।

बाबाले धेरै अध्ययन गर्नुभएको रहेनछ भन्ने कसैकसैले भनेको सुनियो। शास्त्र अध्ययन पूरा गरेका शास्त्रीय ढङ्गबाट धारा प्रवाह प्रवचन गर्ने अनि अरूलाई उपदेश गर्नेहरूमा विद्यमान वित्तैषणा, पुत्रैषणा, लोकैषणा कसैमा प्रत्यक्ष रूपमा कसैकसैमा अप्रत्यक्ष रूपमा, अनि कसैमा चाही अलि सुक्ष्म रूपमा, अनि विशेष्णा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्रैष्णा, त्याग गरिसकेका भए पनि "लोकैष्णा" पनि नभएका शास्त्र अध्ययन पूरा गरेका विद्वान् ,मध्येमा आजको समाजमा कोही भेटिएलान् वा नभेटिएलान् यसै भन्न सकिँदैन । भेटिइहालेछन् भने पनि मुस्किलले भेटिएलान् भन्नुपर्ला । किनभने "लोकैष्णा" भएका विद्वान्हरू नै प्रचारमा आउने भइ भेटिन सक्ने हुन्छन् । "लोकैष्णा नभएकाहरू कुनै संयोगले मात्र भेटिएलान् । अनि दुर्लभ हुन्छन् । भाग्यले मात्र भेटिन्छन् भन्नुपर्ला । आखिर शास्त्र अध्ययनको लक्ष नै के हो ? भन्ने कुरा मुख्य रूपमा बुझ्नु पर्ने हुन आउँछ । जस्तै भगवान् शंकराचार्यले विवेक चुडामणिमा भन्नुभएको छ–

अविज्ञाते परे तत्त्वे शास्त्राधीतिस्तुनिष्फला ।
विज्ञातेऽपि परे तत्त्वे शास्त्राधीतिस्तु निष्फला ॥ –६१

अनि अध्ययन भनेको डिग्री, सर्टिफिकेट मात्र त होइन नि ! पूर्वजन्मकै अध्ययन, सत्सङ्ग आदिको सुसंस्कारले न यो जन्मको बालककालदेखि नै विरक्त भएर त्यत्रो लामो जीवनको सत्सङ्गको ज्ञान यदि शास्त्र सम्मत ठीक जस्ताको त्यस्तै निष्ठामा रही जीवनमा उतार्न सकेको छ भने त झन असली शास्त्रीय ज्ञान नठहर्ला र ? शास्त्र श्रवण, मनन्, निदिध्यासन शास्त्रीय निष्ठामा स्थित भइ कुनै पनि हालतमा विचलित नहुनेगरी सम्पूर्ण इन्द्रियहरू समेटी ज्ञानको परिपाक भइ थिती लागिसकेको "**स्थित प्रज्ञ**"लाई के भन्ने ? यस्तै हुनुहुन्थ्यो बाबा । अनि बाबाले शास्त्र अध्ययन नगरेको भन्ने कि के भन्ने ? विद्वानहरू बीच छलफल हुँदा कसैले कुनै ठाउँमा चुक्यो भने बाबाले तुरुन्तै "यह शास्त्र सम्मत नही है" भनी टिप्पणी गर्नुहुन्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामीले सधैँ देखिआएको कुरा हो । ठूला विद्वानहरू पनि बाबाको सामुन्ने बोल्दा खुब होशियार भइ बोल्ने गर्दथे

हरहमेसा भित्रभित्रै जपीरहने बाबा वास्तवमा जस्तो आफु हुनुहुन्थ्यो, जस्तो आफुले अनुभव गर्नुहुन्थ्यो त्यस्तै बोल्नुहुन्थ्यो । सामान्यतया सामुहिक रूपमा उपदेश प्रवचन गरिरहने वहाँको स्वभाव थिएन । यथार्थमा वहाँको थितिले नै स्वत: उपदेश गरिरहेको हुन्थ्यो । अलि चिन्तनशील मननशील भक्तहरूले महशुश गरिआएकै कुरा हो । तर कुनै कुनै बेला एकान्त अवस्थामा वहाँको आफ्नै धुनमा ज्यादै अमूल्य एवं सार वचन बोल्नुहुन्थ्यो । जुन कुरा शास्त्रको सार एवं वहाँ स्वयंको अनुभवमा आएको हुन्थ्यो ।

ठुलठुला संघ, संस्था निर्माण गरी धेरै चेला चपेटा पछि लगाइ ठूलो पद, नाम धारण गर्ने छुट्टै गद्दी खडा गर्ने तीव्र इच्छा आकांक्षा लिइ हिंड्ने आजको समाजमा बाबा श्यामचैतन्य महाराज एक दुर्लभ, कुनै इच्छा आकांक्षा नभएको विरक्त महात्मा हुनुहुन्थ्यो । ठूला आश्रम निर्माण गर्ने एवं चेलाचेलीहरू ज्यादा बटुलेर आफ्नो गद्दी बढाउँदै लैजाने कुरा पटक्कै मन पराउनु हुँदैनथ्यो । बासुकि भित्रको चोकको कुनाको दोहोरो हावा नचल्ने ९' x ५' फुटको एउटा सानो अँध्यारो कोठा जहाँ वरिपरी समेत दिशा पिसाव गर्ने, नुहाउने कुनै व्यवस्था नभएको ठाउँमा बाबा ५५ वर्षभन्दा बढी वस्नुभयो । स्मरणीय छ शौचादि कर्मको लागि बाबा नित्य रातको १२.३० वजेतिर त्यत्रो सिढी चढेर कैलाशको किनाराको बुट्यान तर्फ लोटा लिएर जानु हुन्थ्यो अनि तल आएर बागमतिमा स्नानादि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म गरेपछि आएर नित्य साधनामा मग्न हुनुहुन्थ्यो। बिहान ५ बजे मात्र बाबाको ढोका खुल्थ्यो। रातको समय सिँढिमा बाबा कैयौँ पटक लड्नु भई चोटपटक लाग्ने गर्दथ्यो। यस्तो असुविधापूर्ण दैनिक जीवन देखेर बाबाप्रतिको श्रद्धा भक्तिले गर्दा शुरुदेखि कैयौँ भक्तहरूले बाबालाई सुविधापूर्ण आश्रम बनाई दिने आग्रह गर्दै आएका थिए। भनिन्छ- राणाकालीन विभिन्न भारदारहरूले समय समयमा जग्गा बन्दोवस्त गरिदिने र आश्रम बनाइदिने कुरा बाबालाई अनुरोध गर्दा बाबाले पटक्कै मन पराउनु भएन। पछि पनि राजा महेन्द्रको बाबा प्रतिको सदिच्छा बमोजिम बडाकाजि पुष्पराजले आश्रम बनाउनको लागि हुकुम भएकोछ भनि ज्यादै आग्रह गर्नु भएछ। बाबाले "**हमको यही आनन्द है। बहुत धन्यवाद। राजाको जय हो। कल्याण हो।**" भनि पठाउनु भएछ। टोखा मुनि एउटा कुनै भक्तले कुटी नै खडा गरि जग्गा बन्दोवस्त गरेछन् तर बाबा मान्नु भएन। वानेश्वरमा ३ रोपनी जमिन अनि ठूलो आश्रम खडा गरिदिने प्रस्ताव ठूला व्यापारी वर्गले बाबालाई अनुरोध गर्दा बाबा मान्नु भएन। आखिर पछि पछि आएर बाबालाई मन नपर्ने यस्ता कुराहरूको अनुरोध भक्तहरूले गर्नै छाडे।

सामान्यतया बाबालाई सुविधाको लागि कुनै सल्लाह भक्तहरू अथवा चिकित्सकहरूले समेत अनुरोध गर्दा "**कर्मको भोग नभोगि सुख पाइँदैन आफ्नो भोग भोगेर सिध्याउनै पर्छ भोग भोग्न बाँकी रह्यो भने फेरि जन्म लिनु पर्दछ**" भन्ने गर्नु हुन्थ्यो। "**सामान्य अवस्थामा पनि यो शरिरलाई ज्यादा सुविधा दिनु हुँदैन। विलासी**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं आलसी शरिरबाट परमात्माको ध्यान भजन साधना हुँदैन" भन्नुहुन्थ्यो। ५ बजे बिहान बाबाको ढोका खुलेपछि भक्तहरू आउन थाल्दथे । बाबाको धुनिमा चिया पाकिरहन्थ्यो । बाबाको प्रसादी स्वरुप भक्तहरूले चिया खान्थे। एवं क्रमले बिहान ५ बजेदेखि लगभग ९.३० बजेसम्म भक्तहरूको ओइरो लागिरहन्थ्यो । सत्सङ्ग भइरहन्थ्यो । नित्य वेदान्त चर्चा चलिरहन्थ्यो । त्यसपछि दिउँसो, साँझ, बेलुकी पनि भक्तहरू आइरहन्थे। स्वास्नी मानिस एक्लै दर्शन गर्न आएभने आफ्नो पति वा पुत्रलाई अघि लगाई मात्र आउने गर्नु अन्यथा टाढैबाट दर्शन गर्नु भन्नुहुन्थ्यो । प्रत्येक एकादशीमा त बिहानदेखि बेलुकासम्म नै वेदान्त चर्चा चलिरहन्थ्यो । बाबाको परम्परा हाल पनि यथावत नै छ ।

१५/२० वर्ष अगाडिको कुरा हो एउटा कुकुर सधैँ सत्सङ्ग सुनिरहन्थ्यो । एकादशीको दिन केही खान दिए पनि खाँदैनथ्यो । **"यस्को पूर्व संस्कार राम्रो हुँदा हुँदै पनि कुनै गल्तिले गर्दा कुकुर योनि भएको छ"** भनि बाबा भन्नुहुन्थ्यो । त्यस्तै पशुपतिका बाँदर मध्ये सबैभन्दा ठूलो ढेडुबाँदर आउँथ्यो । बाबाको कोठा बाहिर दोहोरो लाइन भएर बसेका थुप्रै भक्तहरूको बीचबाट गइ बाबाको कोठा भित्र पसी दुई खुट्टाले उभिइ बाबालाई हेर्थ्यो (दर्शन गर्थ्यो होला ?) अनि बाबाले केही फलफुल दिनु हुन्थ्यो अनि जान्थ्यो । बाबाले **'सुग्रिव है यह'** भन्नुहुन्थ्यो । हामीलाई एक प्रकारको नशा नै लागेको थियो, बिहान सबेरै आफ्नो जप ध्यान पूजापाठपछि पशुपति दर्शन गर्न जाने अनि बाबाको दर्शन गर्ने अनि बाबाको कोठा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाहिर पटाङ्गिनीमा सत्संगमा बस्ने र नौ साढे नौ बजेतिर घर फर्कने नगरी नहुने दैनिक नित्य कार्य नै थियो। बिहानको समयमा बाबाको सान्निध्यमा बस्दाको समय यस्तो अपूर्व आनन्द लाग्दथ्यो साक्षात भगवान् शिवजीको दर्शन गरी कैलासमा नै बसिरहेका छौं जस्तो। त्यहाँबाट उठेर जानुपर्दा ज्यादै गाह्रो लाग्ने गर्दथ्यो, बसिर-हुँ जस्तो लाग्दथ्यो। पशुपति आउने धेरै भक्तहरूका बीच भनाई पनि थियो **"नबोल्ने पशुपतिनाथको दर्शन गरेपछि बोल्ने पशुपतिनाथको दर्शन गर्नुपर्छ"** भनेर। बिहान, दिउँसो, बेलुकी गरि दिनको ३ पटक बागमति स्नान गर्नुहुन्थ्यो। बागमतिकै पानी पिउनु हुन्थ्यो। बागमतिमा अलिअलि प्रदूषण बढ्न थालेपछि किनाराको बालुवा खनी पानी निकाली प्रयोग गर्नु थाल्नु भयो। बाबा आफ्नो काम आफैं गर्नुहुन्थ्यो। पकाउनु, भाँडा माझ्नु, लुगा धुनु, सफा सुग्घर गर्नु ईत्यादि सबै। १०० वर्ष नाघिसक्नु भएको र निमोनिया जस्तो रोगले शरीर ज्यादै कम्जोर भइ पटक पटक धेरै लड्नु भइ चोट पटक धेरै लाग्न थाले पछि ६-७ वर्ष अगाडिदेखि मात्र दैनिक कामहरू गर्न सक्नु भएन। स्वतः हटे। त्यहाँका विद्यार्थीहरूले आवश्यक कार्यहरू गर्दथे।

बाबाले सन्यास लिनुभएको पनि धेरै भएको छैन। सन्यासको विषयमा कुरा हुँदा बाबा भन्ने गर्नुहुन्थ्यो-**"सन्यास धर्म पालन गर्न ज्यादै कठिन पर्छ फेरि सन्यास लिएर सन्यास धर्म पालन गर्न नसकी त्यसबाट च्यूत हुन पऱ्यो भने ज्यादै नराम्रो स्थिति हुन्छ। त्यो भन्दा त ब्रह्मचारी नै धेरै राम्रो। ब्रह्मचर्यमा बसी पूर्ण सक्षम भइ पूर्ण**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैराग्य र सम्पूर्ण संकल्पहरूको त्यागको स्थितिमा, कुनै हालतमा पनि विचलित नहुने गरी दृढनिश्चय पूर्वक नियम पालन गर्न सक्ने स्वाभाविक अवस्था आएपछि मात्र सर्बकर्म सन्यास लिनु उपयुक्त हुन्छ" भन्नुहुन्थ्यो । बाबाले लगभग सय वर्षको उमेरमा २०४८ सालमा मात्र सदा प्रसन्न कहिल्यै नरिसाउने ज्यादै शान्त स्वाभावका विद्वान् श्रोत्रिय ब्रह्मनिष्ठ आदरणीय श्री १००८ स्वामी त्रिवेणी पुरी गुरु महाराजबाट सन्यास ग्रहण गर्नु भयो । शुद्ध ब्राह्मणको शरीर लिनुभएर जीवनभर कठोर ब्रह्मचर्यमा रहेर सम्पूर्ण कर्म पूर्ण सनातनी एवं वैदिक निष्ठामा रही गर्नुभयो । भगवान् पशुपतिनाथमा नित्य गाईको दूध, वेलपत्र चढाई पूजा गर्नुहुन्थ्यो । शालिग्राम पूजा नित्य गर्नुहुन्थ्यो । पूजाको जल प्रसाद आउने जाने भक्तहरूलाई वितरण हुन्थ्यो । चाडबाडमा विधिपूर्वक दान दक्षिणा पूजा गर्नुहुन्थ्यो । नेपालमा मनाइने तिथी चाडपर्वहरू पूर्ण शास्त्रिय हुन् भन्ने गर्नुहुन्थ्यो । एकादशी, प्रदोष, महाशिवरात्री, रामनवमी, श्रीकृष्ण जन्माष्टमीमा व्रत र नवरात्रीभरी मौन व्रत समेत बस्नुहुन्थ्यो र नवमीका दिन ९ जना कन्या एवं बटुक भैरबको पूजा गरी दक्षिणा अन्न बस्त्रादी चढाउनुहुन्थ्यो । भोजन एक समय मात्र लिनुहुन्थ्यो । २ वटा सुखा रोटी, अलिकती खोस्टे मुङको दाल, अलिकती साग । वहाँलाई मन पर्ने सागपात तरकारी, परवर, चंसूर, पालुङ्गो, घिरौंला, करेला, मेथिको साग, कुरिलो, आलु ईत्यादि अनि चट्टेल विशेष मन पराउनु हुन्थ्यो । लसुन, प्याज गोलभेंडा गाजर इत्यादि कहिल्यै खानु भएन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबा नुन खानु हुँदैनथ्यो। एक शब्दमा भन्ने हो भने बाबाको भोजन स्वाद रहीत थियो। थोरै थियो। पूर्ण सात्विक थियो। भोजनको विषयमा बराबर भन्ने गर्नुहुन्थ्यो- **"आफ्नो शरीरले पचाउन सक्ने थोरै सात्विक भोजनमात्र लिनु थोरै भोजन भए पनि शरीरले राम्ररी पचाउन सक्योभने शरीरमा तागत बढी आउँछ र शरीर फूर्तिलो रही आफ्नो नित्यकर्म छुट्दैन र ध्यान जप लाग्छ। भोजन धेरै भयोभने आलश्य बढ्छ, शरीर रोगी र कम्जोर हुन्छ। नियमित ध्यान जप अनि नित्यकर्म हुन सक्दैन। शास्त्रले नखानु भनेका चिजहरू नखानु सात्विकभाव जगाइ राख्न यस्तो भोजनले बाधा पार्दछ र भोजन जस्तो गर्‍यो त्यस्तै मन बन्छ"** भन्नुहुन्थ्यो। अर्थात् शरीर चाहिने नै परमात्मा साधनाको लागि हो। स्वस्थ शरीर नभई साधना हुन सक्दैन, स्वस्थ शरीरको लागि उचित सात्विक भोजनको आवश्यक पर्दछ भन्ने आसय बुझिन्छ। फलफुलमा विषेशगरी स्याउ खानुहुन्थ्यो। खानमा ज्यादै निश्चित आफुले खाने गरेको मात्र खानुहुन्थ्यो। कैयौँ भक्तहरूले राम्रारामा नयाँ नयाँ चिजबिजहरू देश विदेशबाट सौगात ल्याउँदा आफुले नखाने गरेका चिजहरू कदापी खानुभएन। सदा सर्वदा गाईको घ्यू मात्र सेवन गर्नुहुन्थ्यो। गाईको घ्यूमा मेथि, जिरा, खुर्सानी, हिंग इत्यादि पड्काई सागसब्जी, तरकारी पकाउनु हुन्थ्यो।

पैसा भयो कि बराबर भण्डारा गरिरहनुहुन्थ्यो। सारा साधु सन्त भक्तहरूलाई समेत खुवाई रहन पाउँदा वहाँ ज्यादै आनन्दित भएको हामीले देख्दथ्यौँ। वहाँ भन्ने गर्नुहुन्थ्यो भोजन गराउँदा प्रत्यक्ष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा तृप्ती हुन्छ अनि पुण्य एवं तुरुन्त फल मिल्दछ शान्ति मिल्छ, आनन्द आउँछ। यस्तो दान पटक्कै खेर जाँदैन। आउने जाने साधु, सन्त महात्माहरूलाई बाटो खर्च कपडा, ओढने कंवल दिने गर्नुहुन्थ्यो।

बाबालाई चढाईएका भेटीहरूबाट एकपटकमा २ लाख ३ लाख ५ लाख गरी पटक पटक गुरु आश्रम, श्रद्धेय स्वामी त्रिवेणी पुरी महाराजबाट वहाँकै गुरु प्रकाशानन्द स्वामीज्यूको नामबाट स्थापना भएको प्रकाश सन्यास आश्रम कालिमाटी डोल अनि वहाँबाटै स्थापित सन्यास आश्रम कनरवल हरिद्वारमा, (३/४ वर्ष यता यस्ता सबै आश्रमहरू श्रद्धेय स्वामी त्रिवेणी पुरी गुरु महाराजको शारीरिक अस्वस्थताका कारण वहाँबाट वहाँकै शिष्य महामण्डलेश्वर विद्वान् स्वामी महेश्वरानन्द पुरीलाई जिम्मा लगाउनु भइ वहाँकै अध्यक्षतामा हाल संचालन भइ रहेछन्) अनि डा. स्वामी रामानन्द गिरिज्यूबाट स्थापना भएको महेश सन्यास आश्रम देवघाटमा दिनुहुन्थ्यो।

समाजमा विकृति फैलिँदै गइ अशान्ति बढिरहेको र शिक्षाको गुणस्तर झन झन गिर्दो अवस्थामा भएको अनि वैदिक सनातनी धर्म, संस्कृतिमा चारैतिरबाट आक्रमणभई राष्ट्रनै खतरामा पर्ने यस्तो स्थितिमा गुरुकूल पद्धतिबाट संस्कृत प्रधान शिक्षाको प्रचार प्रसार गरी अधिराज्यभरि नै फैलाई धर्म, संस्कृति र राष्ट्र प्रति निष्ठावान्, कर्मठ नागरिक तयार पार्ने उच्च आदर्शले प्रेरित भइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् डा. स्वामी रामानन्द गिरिज्यूबाट देवघाट जस्तो पवित्र तपोभूमि एवँ मनोरम तीर्थस्थलमा वहाँको गुरु स्वामी महेशानन्द गिरिज्यूको नामबाट महेश सन्यास आश्रम खडा गरी भक्तहरूको सहयोगले जग्गाको व्यवस्था मिलाई भवनहरू निर्माण गरी गुरुकूल आश्रम खडा गरी विद्यार्थीहरू अनि गुरुहरू बस्ने, खाने, पढ्ने पढाउने ठाउँको राम्रो व्यवस्था गरी आउने जाने साधु संत भक्तजनहरू समेत बस्ने सत्सङ्ग गर्ने ठाउँहरूको व्यवस्था गरी अनुशाशित एवं मर्यादित वातावरणमा निर्धारित कार्यक्रम मुताविक नियमित रूपले संचालित भइ ५/६ वर्ष भित्रमा यत्रो सफलता पूर्वक ठूलो परिसर खडा हुन गएको छ । कतिपय विद्यार्थीहरूले समेत एस.एल.सी तहसम्म सफलता पाईसकेका छन् । यस्तो पवित्र गुरुकूल आश्रमको सफलताबाट प्रेरित भई विश्वविद्यालयले समेत महाविद्यालयको मान्यता प्रदान गरिसकेको छ ।

धर्म, संस्कृति अनि शिक्षाकै क्षेत्रमा यो ज्यादै सराहनीय एवं उत्साहप्रद कार्य हुन आएको हुँदा यस्तो शुभ कार्यमा दिएको दान ज्यादै उपयुक्त सतपात्रमा पर्न गइ पटक्कै खेर नजाने भइ पुण्य लाभ हुने र धर्म संस्कृति अनि राष्ट्रकै सुरक्षा र समुन्नती पार्ने काममा सहभागि हुन पनि भाग्यले मात्र पाईने कुरा पनि निश्चित नै छ । त्यसमाथि पनि यो त सबैको कर्तव्य नै हुन आउँछ ।

गलेश्वर पीठाधीश स्वामी आत्मानन्द गिरिज्यूको सत्प्रयासबाट गलेश्वर आश्रममा सभा भवन इत्यादि निर्माण भएको र हालै उद्घाटन गरिएको औषधालय भवन ज्यादै सराहनीय कार्य भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । देवघाटवासीहरू अधिकांश बुढाबुढी, असक्त, रोगीहरू हुने भएको र त्यस्तोमा औषधालयको कुनै व्यवस्था नभएको ठाउँमा औषधालय खोली सेवा पुऱ्याउने कार्य ज्यादै नै उपयोगी भइ ठूलो पुण्य कार्य हुन आएको छ। त्यस्तै देवघाट हरिहर आश्रमका स्वामी ज्ञानानन्दज्यूबाट संस्कृत शिक्षा तर्फ विशेष जोड दिने विद्यालयहरू अन्य कतिपय जिल्लाहरूमा समेत संचालन गरी यसलाई बढाउँदै लैजाने उद्देश्यले कार्यहरू भईरहेको बुझिन्छ। यस्ता शुभकार्यहरूमा सहयोग गर्नु सबैको कर्तव्य हुन आउँछ। यस्ता उपरोक्त महात्माहरू प्रति बाबा श्यामचैतन्य महाराजको विशेष स्नेह थियो । वहाँहरू बराबर बाबाकहाँ आउनुहुन्थ्यो ।

बाबालाई ज्यादै श्रद्धा लाग्ने महात्माहरूमा मस्तराम बाबाको ज्यादै गुणगान गर्नुहुन्थ्यो। धेरैकाल अघि काठमाडौँमा पनि आउनु भएको रहेछ मुक्तिनाथ दर्शनको लागि । मस्तराम बाबा ऋषिकेश तर्फ फर्कन लाग्नु हुँदा तिनताका थानकोटसम्म मोटर चल्नेहुँदा ठूलो त्यागि महात्मा देखि राणाहरूले सम्मान स्वरूप मोटरमा सवारी चलाउन अनुरोध गरेछन्। त्यस्को जवाफमा वहाँले भन्नुभएछ- "**हम भारत से ही पैदल काठमाण्डू आए और यहाँ से पैदल ही मुक्तिक्षेत्र गए और पैदल ही लौट आए और यहाँ से थानकोट तक तुम गाडिमे लेजाओगे तो और वहाँ से हमे कौन लेजाएगा** ?" बाबाको यस्तो प्रश्नले सबै चूप भए भनि श्यामचैतन्य बावाले भन्नुहुन्थ्यो। मस्तराम बाबा आफु आफैँमा सदा सर्वदा मस्त रहने इच्छा आकांक्षा रहित एकान्तवासी, सधैँ एक्लै यात्रा गर्ने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परम् तपस्वी अनि सम्पूर्ण शास्त्रका ज्ञाता हुनुहुन्थ्यो । कसैले ख्वाई दिए खानु हुन्थ्यो र आफ्नो इच्छा कसैलाई जाहेर गर्नु हुँदैनथ्यो । सदा सर्वदा आफैँमा मस्त रहने अन्य कुनै कुरामा वृत्ति नजाने यस्तो बाबा हुनुहन्थ्यो । बाबाको आदेश बमोजिम हामी पनि दर्शन गर्न ऋषिकेश गयौँ । ऋषिकेश भागिरथी गंगाको किनारैमा रहेको ठूलो ढुङ्गाको ओडारमा निवास गर्ने, खुला गंगा किनारमा डेढ दुई सय गाईहरू बाबाको वरिपरि घेरिई रहने, सदा सर्वदा प्रसन्न रहने कहिले गाईहरूसँग, कहिले जंगली चराहरूसँग कुरा गरिरहने यस्तो दुर्लभ बाबाको दर्शन पायौँ । हामीसँगै जाने अर्का एकजना भक्त टिकारामले बाबालाई दण्डवत गरी एउटा गोडा समातेर बाबाको अर्को गोडा घुँडा मारिएको अवस्थामा भित्रपट्टी परी ओड्ने बाहिर नदेखिने भएकोले यसो उसो गरी खोज्नथाले । यत्तिकैमा बाबाले मुसुक्क हाँस्दै **"दु...सरा क...हाँ है...?"** भनि भन्नुभयो । वरिपरिका समेत सबै जिल्ल परे । एकछिन सन्नाटा छायो । यसरी एक शब्द प्रकट गर्दा पनि सम्पूर्ण शास्त्रको सार **"सर्वत्र एक मात्र बासुदेव"** देख्ने दृष्टि भएको बाबा हुनुहुन्थ्यो । (केही वर्षअघि ब्रह्मलीन हुनुभयो)।

वास्तवमा हाम्रो दृष्टिले हेर्दा बाबा श्यामचैतन्य महाराज आफैं दृढ वैराग्यको प्रतिमूर्ति हुनुहुन्थ्यो । त्यस्कारण मस्तराम बाबालाई ज्यादै श्रद्धा गर्नुहुन्थ्यो । अनि श्रद्धेय खप्तड बाबालाई ज्यादै श्रद्धा गर्नुहुन्थ्यो । वहाँ काठमाडौं बस्नुहुँदा दुबै बाबाहरूको परस्पर श्रद्धा एवं प्रेमपूर्ण भेटघाट भइरहन्थ्यो । बाबा हतपति कुनै दवाइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

औषधि खानुहुँदैनथ्यो । तर वृद्ध शरीर भइ कहिलेकाँही अति आवश्यक परे आयुर्वेदिक औषधि मात्र सेवन गर्नुहुन्थ्यो । सामान्यतया एलोप्याथिको कुनै चिकित्सकले सिफारिस गरे बमोजिम सामान्य सिटामोलसम्म पनि खान हिचकिचाउनु हुन्थ्यो । तर ख़प्तड बाबाले "**कहिलेकाही सिटामोल खाँदा यसबाट केही दोष हुँदैन**" भनेपछि मात्र कहिलेकाही आवश्यक परे सिटामोल खान थाल्नुभयो । त्यो पनि शरीर केही अस्वस्थ रहँदा ध्यान जपमा बाधा पर्छ भन्ने हिसाबले ।

निरञ्जनी पीठाधीश महामण्डलेश्वर स्वामी कृष्णानन्द गिरि काठमाडौँ आउनुहुँदा बाबाकहाँ आउनुहुन्थ्यो । (केहिवर्ष अघि ब्रह्मलीन) "बहुत अच्छा त्यागी महात्मा है" बाबा भन्नुहुन्थ्यो । हालको निरञ्जनी पीठाधीश महामण्डलेश्वर स्वामी पुण्यानन्द गिरि लाई "भक्तिभावपूर्ण विद्वान् महात्मा" भन्नुहुन्थ्यो । गुरु बदरीनाथ भट्टराई आउनुहुँदा "**यह जीवनन्मुक्त है**" भन्नुहुन्थ्यो ।

जीवनभर सिर्फ काठको लंगोटी मात्र लगाई विना बस्त्र नाङ्गो शरीरमा एकान्त जंगलमा तपस्या गरी बस्ने देवघाटका काठेबाबा (ब्रह्मलीन) अनि १४ वर्षसम्म हिमालमा कठीन तपस्या गरी हाल देवघाटका नारायण गिरि महाराजलाई "**अच्छे तपस्वी साधु है**" भन्नुहुन्थ्यो ।

६ महिना, १ वर्ष, दुई वर्षमा पशुपतिमा देखा पर्ने एउटा धरो कछाड जस्तो मात्र बेरी सदा नाङ्गै हिँड्ने फक्कड विरक्त साधु मायापुरी महाराज जो भरे, भोलि कहाँ बस्ने, कहाँ खाने भन्ने कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिन्ता नै नलिइ कुनै निश्चित आश्रम वा ठेगाना नभएको, संयोगवस कसैले ज्यादै आग्रह गरी श्रद्धापूर्वक खान दिएमात्र खाने, कसैलाई नहेर्ने धेरैजसो आँखा चिम्लीरहने, शास्त्रिय धारा प्रवाह बोल्ने, कसैले पैसा दिए राख्ने ठाउँ नै छैन भनि नलिने । ज्यादै आग्रह गरी जवरजस्ती गरेर कर लगाइ कछाडमा घुसारिदियो भने अर्कैलाई दिने । कहिले ३।४ दिनसम्म केहि खान पाएको हुँदैनथ्यो । यस्ता महात्मालाई बाबाले भोजन गराइ, दक्षिणा दिइ, कम्बल ओढाइ दिनुहुन्थ्यो । पुष माघको त्यस्तो जाडोमा पनि भोलिपल्टै देखियो भने फेरि नाङ्गै नै देखिनुहुथ्यो । बाबाले दिनुभएको कम्बल दक्षिणा अर्कैलाई दिनुहुन्थ्यो । १/२ महिना काठमाडौं तिर वस्ता कहिले बुढानिलकण्ठ, अनि शिवपुरी तिर कहिले राजराजेश्वरी, थापाथली मठ, प्रकाश सन्यास आश्रम आदि स्थलहरूमा देखिनुहुन्थ्यो । वहाँलाई बस्ने ठाउँ नभएर होला भन्ने ठानेर मैले मेरै निवासको परिसरमा अलग्गै एकान्तको कोठा देखाइ खाने बस्ने व्यवस्था मिलाउँछु भनि अनुरोध गर्दा "**अच्छा है**" भन्नुहुन्थ्यो । पछि वेपत्ता हुनुहुन्थ्यो । यस्तो ३/४ पटक भएपछि मैले भन्नै छाडें । पछि मलाई लाग्यो मेरो इच्छा बमोजिम गर्दा यस्तो बिरक्त साधु संतको स्वतन्त्र साधनामा बाधा पो पर्ने हो कि ? भनि डर पनि लाग्यो । ५/६ वर्ष अघि ६०/७० जना विरक्त साधुहरूको मण्डली मानसरोवर जान भनेर गौरीघाटमा बसेका थिए । तिनै मण्डलीसँगै मानसरोवर जाने भनेर बाबा मायापुरी अनि पशुपतिका दयापुरी महाराज पनि साथै गएका थिए । ति मण्डली पनि फर्किए, दयापुरी पनि फर्किए, तर बाबा मायापुरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फर्किएनन्। **"उनी त्यतैतिर कता गए कता"** दयापुरी मसँग भन्दै हुनुहुन्थ्यो **"यह असली साधु है"** भनि बाबा भन्नुहुन्थ्यो। ज्यादै श्रद्धा गर्नुहुन्थ्यो।

एक दिन अवेलासम्म म बाबासँगै बसिरहेको थिएँ, अर्को एकजना भक्त पनि हुनुहुन्थ्यो। बाबाले **"एक अच्छा महात्मा आए है, जाओ दर्शन करो"** भन्नुभयो। हामी खोज्दै गयौँ। वनकालीमा एउटा सानो कोठामा २/३ दिनदेखि बस्दै आउनु भएको रहेछ। पशुपतिको, दर्शन गर्न आउनु भएको ऋषिमुनी जस्तो दिव्य देखिने तपस्वी शरीर दण्डी स्वामी प्रकाशानन्द, करपात्री स्वामीको गुरु भाइ हुनुहुँदोरहेछ। हामी दुबैजना दर्शन गरी छेउमा बस्यौँ। बाबाले कहाँसे आया ? भन्नुभयो। हामीले आफ्नो वृतान्त बतायौँ। एक्लै आउनुभएको ज्यादै शान्त स्वभाव र ज्यादै सरल देखिने बाबा मौन नै बसिरहनु भयो। त्यसपछि मसँगै जाने अर्को भक्तले आजको परिस्थिति, दूषित वातावरण अनि घर परिवार समाज लगायत सबैमा विद्यमान असंगतिहरूको व्याख्या गरी यसमा कसरी सुधार हुने र जगत्को कल्याण अनि हाम्रो कल्याण कसरी होला ? भनि प्रश्न गर्नु भयो। **"देखो...यह...प्रकृति...है, प्रकृतिको तुम क्या...करोगे ? इसको छोडदो, भगवान्का भजन करो, सबका कल्याण इसिमे है"** भनि बाबा चुपचाप लाग्नुभयो। हुन पनि हो, आफ्नै मन, इन्द्रियहरू त आफ्नो नियन्त्रणमा राख्न कठिन छ भने झन आफूभन्दा बाहिर अरूको त के कुरा ? हेर्दा सामान्य कुरा जस्तो तर गहिरिएर विचार गर्दा वास्तवमा सम्पूर्ण शास्त्रको सार ज्यादै गुह्य एवं मार्मिक यथार्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्य अमृत वाणि सुनि एक छिन पछि बाबालाई श्रद्धा पूर्वक अभिवादन गरि फर्क्यौं । त्यसपछि म फेरि गएँ । बाबाले दक्षिणकालीको बारेमा सोधपूछ गर्नुभयो अनि बाबालाई मैले दक्षीणकाली लगिदिने आग्रह गरेपछि मात्र वहाँ तयार हुनुभयो । दर्शन गरी आउनुभयो । त्यत्रो ठूलो महात्मा कहिं कसैलाई खबर नगरी एक्लै यात्रा गर्ने एकान्तवास गर्ने गर्नुहुँदोरहेछ । १/२ दिनपछि त फर्किहाल्नुभयो । त्यसपछि पो थाहा पाएँ काठमाण्डूका ठूलाठूला मानिसहरूले मानिआएको महात्मा हुनुहुँदो रहेछ भनेर । श्यामचैतन्य बाबाको कृपाले त्यस्तो ठूलो महात्माको दर्शन पाइयो । करपात्री आश्रम असिघाटमा वहाँको समाधी केही वर्ष अघि भइसक्यो ।

चेला चपेटाहरू अघिपछि लगाउँदै ठाँटबाँटका साथ हिड्ने गरम पानीको एटाच बाथरुम बिना गुजारा गर्न नसक्ने मीठो खानु पर्ने राम्रो लगाउनु पर्ने भारतबाट आउने ठूलो ठूलो प्रवचन गर्ने ठूला महात्माहरू कुनै कुनै बासुकि भित्र पुग्दा र बाबाको स्थिति देख्दा जिल्ल पर्दथे । भलाकुशारी गरी फर्कन्थे । कति पटक राम्रो महात्माल्याई बासुकिको अरू खालि कोठामा राख्ने कोशिश बाबाले कैयौं पटक गर्दा पनि कोही पनि टिक्न सकेनन् । ज्यादै कठीन एवं तपस्यापूर्ण जीवन बिताउन बाध्य हुनुपर्ने बासुकिमा टिक्न सक्नु पनि लरतरो कुरो थिएन । झन सिद्ध बासुकि बाबाले नै साधना गर्ने गुफा (बासुकि आश्रम मुनि बागमति माथि पहराभित्रको अनकन्टार गुफा) मा बस्न त झन ज्यादै कठिनाई थियो । हामीले नै थाहा पाएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा हो एकपटक एकजना महात्मा म साधना गरिबस्छु भनि बाबालाई अनुरोध गर्दा बाबाले गुफा खोल्न लगाइ बस्न दिनुभयो । तर २ रात पनि टिक्न सक्नु भएन । **"रातको बिचमा साँपहरू निस्केर मडारिन थाले (डर लाग्यो शायद ?) मेरो ध्यान भङ्ग भयो"** भनि भन्नुहुन्थ्यो तर सिद्ध बासुकि बाबा तिनै सर्पहरूको बीच ध्यानमग्न भइ कैयौँ कालसम्म बस्नुभइ त्यहीबाट ब्रह्मलीन हुनुभएको कुरा सबैको सामु प्रत्यक्ष्य नै छ ।

एक ठाउँमा एकछिन अड्न नसक्ने छटपट गरिरहने । मन डुलाई रहने अरूले जे गऱ्या, देख्यो तुरुन्तै त्यै गर्ने अर्कोपल्ट फेरि अर्कैथोक गर्ने, देखावटीपन ज्यादा भएको, क्षणे रुष्टे, क्षणे तुष्टे भइ दशतिर डुलिरहने अनि बोलिको ठेगान नहुनेलाई । यस्तालाई ध्यान जप लाग्दैन भन्नुहुन्थ्यो । आउने जाने महात्माहरूलाई पनि कुनै कुनैलाई **"एक जगह स्थिर रहना, आसन स्थिर करना।स्थिर आसन न होने से अशान्ति बढता है और ध्यान नही लगता"** भन्ने गर्नुहुन्थ्यो । तपस्याको कमीले गर्दा इन्द्रियहरूलाई संयमित राख्न नसकेका शास्त्रज्ञाताहरू पनि चञ्चल देखिन्छन् भन्नुहुन्थ्यो । वेदान्त छलफलमा खुब बोल्न सक्ने तर तपस्याको कमी भएकाहरूलाई **"बक वेदान्ति है यह"** भन्नुहुन्थ्यो अघिअघि त मलाई पनि खुब जान्ने हुँ जस्तो लाग्दथ्यो र खुब बोल्न मन लाग्दथ्यो । वेदान्त छलफलमा निकै जोशिइ जोशिइ बोल्ने गर्दथेँ । एकदिन बाबाले मलाई एक्लै पारी **"ज्यादा बोल्ना मत, ज्यादा बोल्ने से अहंकार बढ्जाता है, अहंकारसे क्रोध बढता है और क्रोधसे सर्वनाश होजाता है"**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्नुभयो । बाबाको अगाडि सरमले म नतमस्तक भएँ । आफ्नो स्वभाव कहिल्यै नजाने, जति दबाए पनि समय समयमा स्वत: निक्लिरहने प्रकृतिको नियम भए तापनि बाबाको बचनले सधैँ झसङ्ग पारिदिने गर्छ । त्यस्तै मेरी धर्मपत्नीलाई बाबाले **"तुम महाभारतके बिदुर पत्निजैसा होना"** भन्नुभएको रहेछ बारम्बार त्यही कुरा संझिने गर्छिन् ।

बाबा भन्नुहुन्थ्यो जस्तोसुकै आचरण भएको भए तापनि गेरुवा बस्त्र धारण गर्ने सन्यासीलाई देख्नासाथ नमस्कार गर्नु, जाँड रक्सी नै खाएर हिड्छ भने तापनि ब्राह्मण शरीरलाई नमस्कार गर्नु, फोहोर मैला नै खाने अशुद्ध देखिए तापनि गाईलाई देख्नासाथ नमस्कार गर्नु, अनि भोकाएकालाई भोजन गराउनु, बस्त्रहीनलाई बस्त्र दिनु, रोगीलाई दवाई औषधि दिनु र शास्त्र अध्ययन गरेका निष्ठावान् शुद्ध ब्राह्मण पण्डितलाई द्रव्य, बस्त्र, अन्न जे दिए पनि सही दान हुन्छ र यस्तो दान पटक्कै खेर जाँदैन, सत्पात्रमा पर्दछ । अनि आफ्नो पाप काटिन्छ र ठूलो पुण्यलाभ हुन्छ भन्नु हुन्थ्यो ।

तपस्याको प्रभाव बाबाको मुख मण्डल एवं शरीरबाट समेत झल्कन्थ्यो । राम्रोसँग बिचार गर्ने भक्तहरूले बराबर अनुभव गरेकै हो । वहाँको मुखमण्डलमा एक प्रकारको तेज हुन्थ्यो । शरीर कहिले तेजिलो पूर्ण स्वेतवर्ण, कहिले तेजिलो रक्तवर्ण, अँखामा स्पष्टरूपमा यस्तो चमक हुन्थ्यो मानौँ जस्मा दृष्टी पर्‍यो त्यस्मा शक्तिको कल्याणकारी ज्योति निस्कन्थ्यो । वहाँको हात आफ्नो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टाउको माथि पर्दा टाउको हलुङ्गो भइ अपूर्व शान्तिको अनुभव हुन्थ्यो । मानिसहरूमा सामान्यतया ठूलो महात्मा भन्नासाथ कुनै चमत्कारी कार्य गर्नसक्ने बाबा भन्ने पर्दछ होला शायद अनि नवागन्तुक दर्शनार्थीहरूले धेरै जसोले बाबाको बारे जान्न खोज्दा कुनै चमत्कारपूर्ण कार्य गर्नु हुन्छ कि ? भनि सोधपूछ गर्दथे । हामी भन्ने गर्दथ्यौं बाबा दिनमा ३ पटक बागमतिमा नुहाउनु हुन्छ, एक छाक २ वटा सुखा रोटीको भोजन गर्नुहुन्छ, ब्रह्ममुहुर्तमा बिशेष ध्यान जप गर्नुहुन्छ, अरूबेला पनि जपिरहनु हुन्छ । कतै जानु हुन्न सधैं एकै ठाउँमा एकनासको स्थितिमा असंग भइ सदा प्रसन्न भइ सबैलाई कल्याण हो भनी बस्नु हुन्छ । यति भन्दा नयाँ दर्शनार्थीको लागि कुनै महत्वपूर्ण र आश्चर्यपूर्ण कुरा भएजस्तो लाग्दैनथ्यो होला तर बाबाको कृपाको सूक्ष्म असरको कल्याणकारी प्रभाव कस्ले बुझ्नु ? तर धेरैकालदेखि बाबाको दर्शन गर्दै आउने भक्तहरूका लागि बाबाको नित्यकर्महरूको सदासर्बदा नियमितरूपको क्रम कठोर तपस्वी जीवनमा पनि जहिले हेरे पनि कुनै उतार चढाव नभएको एकनासको विरक्त जीवन अनि सधैं प्रसन्न र तेजिलो रूपको दर्शन पाउँदा कुन भक्त आनन्दित हुँदैनथ्यो होला ? कुन भक्तलाई भगवद्भक्तिको भाव जाग्दैनथ्यो होला ? अनि भगवद्भक्ति जागी भगवद्बुद्धि बन्नु भन्दा ठूलो चमत्कारी र कल्याणकारी कुरा के नै छ र संसारमा ?

ठूलोदेखि ठूलो सम्पत्ति, शक्ति एवं पद पाउँदा समेत सन्तुष्ट एवं प्रशन्न नदेखिने आजको असंतोषी एवं मौकामा सहयोग गरी गुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाएकोमा पनि काम सकेपछि चटक्कै विर्सि मान्छे नै नचिन्ने कृतज्ञ समाजमा श्रद्धाको सानो से सानो कुनै चीजले पनि बाबालाई ज्यादै प्रशन्न पार्न सक्दथ्यो । कसैले एउटा घिरौँला वा अन्य यस्तै कुनै चिज लगिदियो भने २/४ दिनसम्म लगातार दोहोऱ्याइ तेहऱ्याइ **"फलानाने ऐसा कलिला अच्छा घिरौँला लाया आहा । तरकारी खाने मे बहुत मजा आया"** भन्ने गर्नु हुन्थ्यो । कैयौंले हजारौँ रुपयाँ चढाएको त्यतिको बखान सुनिदैनथ्यो ।

केटाकेटी जस्तो सानो सानो कुरामा पनि प्रशन्न रहने । अनि कसैले केही कुरा सुनाइदिए त्यही पत्याउनु हुन्थ्यो । बार बार त्यही कुरा दोहोऱ्याइ रहनुहुन्थ्यो । अर्कोले अर्काथरी सुनाइदियो भने त्यो पनि पत्याउनु हुन्थ्यो । जस्लाई पनि विश्वास गर्ने बालक जस्तै । भारत तथा नेपालका कुनै पनि तीर्थस्थलबारे जाने आउने बाटो त्यहाँका ठाउँहरू मानिसहरूबारे कसैले सोध्न गए फलानो ठाउँ भएर जानु फलानो ठाउँमा बास बस्नु इत्यादि लगायत सम्पूर्ण कुरा भनि सल्लाह दिनुहुन्थ्यो । **"तीर्थयात्रा गर्दा एक्लै यात्रा गर्नु"** भन्नुहुन्थ्यो ।

चमत्कारको बारेमा कुरा गर्दा बाबा भन्ने गर्नुहुन्थ्यो- **"निश्चित साधना गरेपछि सिद्धि त खुलिहाल्छ नि । अष्टसिद्धिहरू त्यस्ताका अघिपछि घुमिरहन्छन् । यस्तो अवस्थामा सिद्धि प्रयोग गरी चमत्कार देखाउन थाल्यो भने त्यस्ताको केही कालपछि पतन निश्चित छ । तर सिद्धिलाई वास्ता नगरी कठोर तपस्याको बलले अगाडि बढ्न समर्थ भयो भने मात्र गति लिनसक्ला"** । तर अधिकांश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधकहरू अलिअली केही अंश मात्र सिद्धिको लक्षण देखिनासाथ चमत्कार गर्नेतर्फ उन्मुख हुन्छन् । केही समयपछि समाप्त भइ अधोगतितिर लाग्छन् । वास्तवमा कर्मको गति निश्चित छ- फल निश्चित छ र प्रकृतिको नियम बिरुद्ध सृष्टीकर्ताको नियम विरुद्ध जान सकिँदैन भने त्यस्ता सिद्धिको नै के प्रयोजन भयो र ? तसर्थ आफ्नो भोग भोगेर समाप्त गर्नुको साथै नवीन कर्म कुनै बन्न नदिनु नै मूख्य पुरुषार्थ हुन्छ। तर मानिस कुनै न कुनै कर्म नगरी बस्न नसक्ने भएको र त्यसमाथि यज्ञादि कर्महरू नगरी नहुने भएकोहुँदा निष्काम भावले कर्म गर्दा नै नवीन कर्म नबन्ने हुँदा नै भगवान् श्रीकृष्णले निष्काम कर्ममा विशेष जोड दिनुभएको पाउँछौं ।

बाबालाई सिद्धि खुलेको थियो तर वहाँ सधैँ त्यस्को प्रयोग गर्नुपर्ला भनी होशियार रहनुभएको जस्तो बुझिन्थ्यो । कसैले केही आफ्नो दुखेसो दु:ख कष्ट पोखेर बाबालाई पुकारा गरिहाले भने **"भगवान् पशुपति मे श्रद्धाभावपूर्वक पूजा लगाओ, रूद्रि लगाओ भगवान्का कृपा हो जायगा"** भन्नुहुन्थ्यो । आफैंले "तेरो यस्तो होस्" भनेर वहाँको मुखारविन्दबाट कहिल्यै आएन । ज्यादै साना तिना कुराहरू बाबाका मुखबाट झुक्किएर फुस्किँदा सो पूरा भएको देखिन्थ्यो । यस्तो घटना कैयौँ भक्तहरूसँग घटेको छ तर ज्यादै सानो सानो कुरामा हुन्थ्यो । मलाई नै त्यस्तो घटना २/४ पटक घटेको छ । २०३७ सालतिरको कुरा हो म पलाञ्चोक भगवति दर्शन गर्न गएको थिएँ, फर्केर आउँदा बाबाको दर्शन गर्न गएँ । बाबाले दिनुभएको प्रसाद चिया खाएँ । मसँग जानेले पनि खाए । यत्तिकैमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले साथै लगेको क्यामराको संझाना आयो तर क्यामेरा फेला परेन । हरायो । अलि बढी मोल पर्ने क्यामरा थियो । हामीले परस्पर कुरा गरेको बाबाले थाहा पाउनुभयो र भन्नुभयो- **"क्यामरा हराया ?"** भनि सोध्नुभयो । हो महाराज मैले भने । **"दामी था ?"** भनि फेरि सोध्नुभयो । मैले **"थोडा दामी हि था महाराज"** भनें । अनि बाबाले पलाञ्चोक भगवतिको महिमाको बारे कुरा गर्न थाल्नुभयो । एकछिनपछि फ्याट्टै त्यसै **"तुम्हारा क्यामेरा आज ही मिलजायेगा"** भनेर अनायास नै भन्नुभयो । २/३ घण्टाजति बाबासँग बसेपछि साँझ पर्न थाल्यो अनि घर फर्किएर आउँदा थाहा भयो मेरो अङ्गरक्षकले यताउता खोजी गर्ने सिलसिलामा वनेपा थानामा पनि सम्पर्क गरेछ । थानेदारले गएर बजारमा हामी चिया खान बसेको ठाउँ पत्ता लगाएर सोधपुछ गर्दा क्यामरा फेला पारेर ल्याइ घरमा खवर गरिसकेको रहेछ । भोलिपल्ट बिहान सबेरै सदाको झैं बाबाको दर्शनमा पुग्दा सबै कुरा बताएँ । बाबाले **"अच्छा ? क्यामरामिलगया ठीक हुआ"** मात्र भन्नुभयो । मैले बाबालाई हात जोडेर विनम्रता साथ विशेष अनुरोध गरें । "महाराज ! इतना बडा वचन और एक मामुली क्यामराके लिए ? हमारेलिए कोही बडी बातोके लिए ऐसा वचन निकलादिया होता तो महाराज के कृपासे हमारा बहुत बडा कल्याण होजाता !" भन्दा बाबाले पुलुक्क हेर्नु मात्र भयो अनि चुपचाप बस्नुभयो । एकछिन उभिएरै बसिरहें । अनि आफ्नो ठाउँमा बसें । यस्ता घटना धेरैसँग भएका छन् । तर सबैको विचार गर्दा मामुलि कुरामा अनायास नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा गर्दागर्दै बाबाको मुखबाट फुत्केर घटेका घटना मात्र हुन् । बाबाले यसो गर्छु भनेर जानाजान गर्नुभयो जस्तो मलाई लाग्दैन ।

सुनिन्थ्यो शुरूशुरूमा बाबा हिमाञ्चल प्रदेशमै ज्वालामुखि माईको साधना गरी त्यहीं मन्दिरसँगै एउटा सानो कुटीमा बस्नुहुन्थ्यो । एक दिन देवीको पूजाको लागि पूजा सर्दम ठीक गरेर राख्नु भएको बेला एउटी सानी बालिका जङ्गल तर्फबाट आई उक्त पूजा सर्दम उठाई जङ्गल तर्फ लागि अलप भएको घटनाले देवीको बाबा प्रतिको कृपा प्रत्यक्ष देखिन्छ । बाबा एकताका कालीको साधना गर्नुहुन्थ्यो । कुण्डलिनी जगाउने अभ्यास गर्दा थापाथली मठमा हुँदा बाबाको आसनले भूई छोडी माथि उठ्थ्यो । यसै क्रममा एक दिन राति बाबालाई साधना गरिरहेकै बेला अचानक कोठा बाहिर आँगनमा फ्याँकिदिएको थियो । अनि पछि तिमीले यस्तो हठयोगको अभ्यास नगर्नु भन्ने संकेत भएथ्यो भन्ने सुनिन्थ्यो ।

आजको युगमा पनि सांसारिक ईच्छा आकांक्षा पटक्कै नभएको विरक्त कठोर तपस्वी जीवन अपनाई एकनासको स्थितिमा परमात्मा साधनामा मग्न रहने र आँखामा हाले पनि नबिझाउने सदा प्रसन्न रहने **"सबैको जय होस्, कल्याण होस्"** भनिरहने **"समर्पित एवं भक्तिभावपूर्वक भगवान्का भजन करो कल्याण हो जाएगा"** भनी उपदेश दिइरहने भगवद्भक्तिको अपूर्व प्रेरणादायी श्रोत, अव्यक्त परमात्मासँग जोड्ने व्यक्त एवं सुलभ सरल कडी, परम श्रद्धेय परम् तपस्वी सन्त बाबाप्रति श्रद्धा भक्तिपूर्वक बारम्बार दण्डवत् प्रणाम ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परम् श्रद्धेय बाबाका सेवा, सङ्गमा वितेका दिन वर्षहरू एक, एक पल ज्यादै अमूल्य भएको र यो ज़ीवनमा अब त्यस्ता क्षणहरूको संझनामात्र रहिरहने तर तिनै संझनाहरूले पनि सात्विक भावको उदय गराइ भगवद्भक्ति जगाई राख्न एवं सांसारिक प्रपञ्चमा ज्यादा नलागि विरक्त भाव जगाई राख्न हामी जस्ता काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य सबै बोकेका राजसी एवं तामसी प्रधान सांसारीकहरूलाई बाबाको कृपाले ठूलो प्रेरणा मिलि शान्तिको अनुभव गरी भगवद्भक्तिको उदय गराउन केही सहज एवं सुलभ हुन्छ कि ? भनी यो छोटो एवं टुटफुट रूपमा सूर्य नारायणलाई बत्ती देखाए झैं बाबासँगका केही कुरा लेख्ने धृष्टता गरेकोमा भुलचुक त्रुटीहरूमा परम् श्रद्धेय बाबासँग मेरो अल्पज्ञताको लागि क्षमा माग्दछु । अनि बाबाका भक्तहरूसँग पनि क्षमा माग्छु ।

हाल बासुकि आश्रममा बाबाले नै योग्य ठानी आफ्नो ठाउँमा बस्नु भनी पठाउनु भएको स्वामी गौरव पुरी वेदान्ताचार्य बस्नुहुन्छ । वहाँ इमाडोलका सम्पन्न पौडेल परिवारमा २०१६ सालमा जन्म लिनुभइ सानैदेखि नै घर छोडी बाबाको साथमै बसी विध्यार्थी बालब्रह्मचारी रूपमा सेवा गर्दै आउनु भएको हामीले देखि आएका हौं ।

वहाँको नाम राम थियो । पिता, माता, दाजु, भाइ, दिदी, बहिनी, इष्टमित्र सबै सम्पन्न भइकन पनि सो सबै त्यागी ज्यादै भक्तिभाव एवं तीब्र वैरागको लक्षण वहाँमा पहिले नै देखिन्थ्यो । बाबाले ज्यादै मन पराउनु हुन्थ्यो । पछि हरिद्वार तर्फ लाग्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०४२ सालतिरको कुरा हो संयोगबस म पनि त्यही हरिद्वार कनरवल गुरुआश्रममा कुम्भ मेलाको समय केही दिनदेखि बसिरहेको थिएँ। वहाँ र मसँगै विभिन्न तीर्थस्थलहरू, महात्माहरूको दर्शन गर्न जान्थ्यौं। वहाँले सन्यास ग्रहण गर्ने दिन कनरवलनेर गङ्गाको बीचमा रहेको ठूलो चट्टानमाथि बसी सन्यासको तयारीको लागि कपाल खौरी रहनु भएको थियो। जीवनका अनगिन्ति रङ्गीन सपनाहरू बोकी लाउँ-लाउँ खाउँ-खाउँ मोज-मज्जा गरूँ भन्ने उमेरका भर्खरको केटालाई, म त्यहीनेरको गङ्गामाथिको पुलबाट एकनाशले हेरिरहेको थिएँ। त्यसबेला मलाई लाग्यो। घर गृहस्थी सम्हाल्न नसकि ज्यादै दुःख कष्ट झेल्न नसक्दा, छोरा बुहारीले सताउँदा, श्रीमान् अथवा श्रीमतीले सताउँदा, राम्रोसँग खानलाउन नपाउँदा, सौतेनी मामलाले सताउँदा, कुनै स्त्री वा पुरुषसँगको वियोग सहन नसक्दा, समाजमा मान, सम्मान पाउने आफ्नो अरु कुनै योग्यता नहुँदा, कुनै ठूलो आपद, विपद वा चोट इत्यादीको कारणले गर्दा अर्थात् सामान्यतया गृहस्थाश्रममा आईपर्ने दुःख कष्ट एवं प्रतिकूल वातावरणको कारणले गर्दा नै सन्यास लिनुपरेको अधिकांशमा पाईन्छ। तर वहाँमा यस्ता कुनै पनि कारणहरू त्यसबेला देखिँदैनथ्यो। सिर्फ पूर्वजन्मको शुद्ध संस्कार अनि बाबाको कृपाको प्रत्यक्ष असरको लक्षण भने देखिन्थ्यो। जस्ले गर्दा स्वाभाविकरूपमा संसारदेखि विरक्त भएको महशुश हुन्थ्यो। त्यसपछि सम्पूर्ण प्रकृया पूरा भएपछि आश्रमको गौशालामा विधिपूर्वक श्रोत्रिय ब्रह्मनिष्ठ आदरणीय गुरु श्री १००८ स्वामी त्रिवेणी पुरी गुरु महाराजबाट सन्यास ग्रहण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुभयो (सौभाग्यवस म र मेरो धर्मपत्नीको पनि गुरु हुनुहुन्छ ।)

त्यसपछि दिल्लीमा अनि काशीमा अध्ययन गर्नुभइ वेदान्तमा आचार्य गर्नुभयो । बिभिन्न तीर्थस्थलहरूको भ्रमण पश्चात् अहमदावाद जाम नगरका भक्तहरूको अनुरोधमा वहाँले त्यहाँ आश्रम बनाई संचालन गरी बस्नुभयो । बाबाको काशी वासको सन्देश सुनी वहाँ बाबाको सेवामा त्यही आउनु भयो र बाबाले बासुकी आश्रममा बाबाको ठाउँमा बस्न वहाँलाई अन्तिम आग्रह गर्नुभए बमोजिम बाबाको षोडसीको दिन भव्य समारोहको अवसरमा पशुपति रूद्रगारेश्वर प्राङ्गणमा समस्त भक्तजन संत महन्त एवं महेश सन्यास आश्रमका डा. स्वामी रामानन्द गिरि, गलेश्वरका पीठाधीश स्वामी आत्मानन्द गिरि, भैरहवा आश्रमका स्वामी स्वरूपानन्द, प्रकाश सन्यास आश्रमका सुमोध पुरी लगायतका थापाथली आश्रमका प्रमुख, बुढानीलकण्ठ आश्रमका, दत्तात्रेय मठका प्रमुख सहित बिभिन्न आश्रमका प्रमुखहरूले चादर ओडाई बासुकि आश्रमको प्रमुखमा पदस्थापन समारोह सम्पन्न भएको थियो ।

बाबाको परम्परा अनुसार हिजो आज पनि बासुकिमा नित्य बिहान ७.३० बजेदेखि ८.३० बजेसम्म सोमबार, मंगलबार, बुधबारका दिन स्वामी गौरव पुरी महाराजबाट विवेक चुडामणिको ब्याख्या र बिहिवार, शुक्रबार, शनिवार, आइतबारका दिन विशिष्ट निष्ठावान् विद्वान् डा. दीर्घराज घिमिरे गुरुज्यू (जस्लाई बाबाले **"सदा सर्वदा शास्त्रके तत्विक अध्ययन में तल्लिन रहनेवाला और**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रमें जैसा लिखा है ठीक वैसा ही तात्विक व्याख्या करनेवाला निष्ठावान विद्वान पंडित" भन्नुहुन्थ्यो । ज्यादै श्रद्धा गर्नुहुन्थ्यो ।) को श्रीमद्भगवत्गीता शांकरभाष्यको तत्व विवेचना यसै प्रवचनहरूको सङ्कलनबाट बृहद रूपको पुस्तक "श्रीमद्भगवद्गीता तत्वप्रकाश" जनक शिक्षा सामाग्री केन्द्रबाट हालै प्रकाशित भएको छ) राजर्षिजनकस्मृति कोषको आजोजनामा शिक्षामन्त्रीज्यूबाट पुस्तक विमोचन र डा. घिमिरे गुरुको विद्वताको कदर स्वरूप ठूलो सम्मान प्रदान गरिएको थियो ।

प्रत्येक एकादशीमा त बिहानदेखि दिनभरिनै ठाउँ-ठाउँका विद्वान् सत्सङ्गीहरू टाढाटाढादेखि भेलाभइ ब्रह्मचिन्तन एवं ब्रह्मवार्ताबाट भक्तहरूले ठूलो लाभ उठाइआएका छन् । सबैको कल्याण हुने, जीवन सार्थक हुने यस्तो सत्सङ्ग, आसा छ- भगवान् श्रीपशुपतिनाथको कृपाले निरन्तर चलिनै रहने छ । कहिल्यै टुट्ने छैन ।

सबैको जय होस्, सबैको कल्याण होस्,
आफ्नो कुभलो चिताउनेहरूको पनि जयहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक पाइने ठेगाना :-

१. पशुपति शरण सहकारी संस्था
आध्यात्मिक किताब पसल
पशुपति मूलढोका

२. श्री विदुर विक्रम सिंह अधिकारी,
श्रीमती निलामैया सिंह अधिकारी
सिफल हाइट, कालोपुल

मुद्रक : भिन्तुना प्रिण्टर्स
किलागल, काठमाण्डौं । फोन : २२२६०६

Jayatu Sanskritam, Kathmandu, Nepal